# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मनहरी गाउँपालिका, मकवानपुर

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

## Serving the Nation and the People

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७७

मिति: २०७७/३/२५

श्री मनहरी गाउँपालिका,
मकवनपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७६।०७७
च.नं ८४५

श्री प्रमूखज्यू, मितिः २०७७।३।२५
मनहरी गाउँपालिका,
मकवानपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले मनहरी गाउँपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ५४ लाख ३० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१९ लाख ३६ हजार, नियमित गर्नुपर्ने रु.५९ लाख ३५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५६ लाख ५८ हजार र पेश्की रु.१ करोड १९ लाख १ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।९।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्योट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पृष्ठ २४ (चौबीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी :** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# मनहरी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी मनहरी गाऊँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस गाऊँपालिका अर्न्तगत ९ वडा रहेको ४९ सभा सदस्य १९९.२ वर्ग कि.मी. क्षेत्रफल, करिब ३९ हजार जनसंख्या वागमती प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|
| | विवरण | यथार्थ | | विवरण | | यथार्थ |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | | २४९३२९६४२।६९ |
| | क) नगद | ३०१६१३२।०० | २ | **पूँजीगत खर्च** | | १९४९९९८१४।५० |
| | ख) बैंक | ५५२०६१४८।६५ | ३ | **निकास फिर्ता** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) प्रलेनिका | | १०६४६२७०।०० |
| | क) आन्तरिक राजस्व | १०६५६८७४।८५ | | ख) कोलेनिका | | २२९५२२०२।६८ |
| | ख) राजस्व बाँडफाँड | ३३०२४४०३४।६० | | | | |
| | ग) सि एम डि पि बाट प्राप्त | २०००००।०० | | | | |
| | घ) बेरुजु | ६९५१६।०० | | | | |
| | ग) अन्य आय | | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| ३ | **संघीय सरकार वित्तीय हस्तान्तरण** | | | क) ऋण भुक्तानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | १२०३०००००।०० | | ख) ब्याज भुक्तानी | | |
| | ख) सशर्त अनुदान | १३९६२२५००।०० | | ग) अन्य भुक्तानी | | |
| | ग) समपूरक अनुदान | ०।०० | ५ | **लगानी** | | |
| | घ) विशेष अनुदान | ०।०० | | क) ऋण लगानी | | |
| | ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ३६५६०००।०० | | शेयर लगानी | | |
| | च) सामाजिक सुरक्षा | ५५०५००००।०० | | अन्य लगानी | | |
| | छ) प्रदेश/स्थानीय तह क्षमता विकास का. | ३०५०००।०० | ६ | **धरौटी फिर्ता** | | १२४१५००।०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **राजश्व वाँडफाँड फिर्ता** | | |
| | क)वित्तीय समानीकरण अनुदान | ८१७३०००।०० | | संघीय सरकार मु.अ.कर | | २१४४२४२१।३७ |
| | ख) सशर्त अनुदान | २२३५००००।०० | | प्रदेश सरकार | | ६५९७६६८१।१० |
| | ग) समपूरक अनुदान | १००००००००।०० | | जि.स.स. | | ५०००००।०० |
| | घ) विशेष अनुदान | ०।०० | ८ | **मौज्दात** | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त (जिसस)** | १०५६०००।०० | | क) नगद मौज्दात | | ०।०० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | ख) बैंक मौज्दात | | २०१२३९१२२।७३ |
| | क) ऋण प्राप्ति | | | चालु | ०।०० | |
| | ख) साँवा प्राप्ति | | | पुंजिगत | ०।०० | |
| | ग) ब्याज प्राप्ति | | | धरौटि | १७४८६०७।४१ | |
| | घ) अन्य प्राप्ति | | | कल्याण कोष | ०।०० | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | राजश्व वाँडफाँड | ६८००।०० | |
| ८ | **जनसहभागिता (नगद)** | ४५४८२७३।०० | | संचित कोष | १९९४८३७१५।३२ | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | जम्मा | २०१२३९१२२।७३ | |
| १० | **धरौटी आय** | २९९०१०७।४१ | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | |
| १३ | **वढि फिर्ता** | ८८४०६८।५६ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ७६८३२७६५५।०७ | | जम्मा | | ७६८३२७६५५।०७ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **फिर्ता दाखिला :** गाउँपालिकाले २०७५।७६ मा निकासा मध्ये बाँकी रहेका सशर्त अनुदानको फिर्ता रकम रु २२५१६०३३।६८, प्रदेश सशर्ततर्फको रु १०६४६२७०।००, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको रु २७०१६९।०० र सामाजिक सुरक्षा भत्तातर्फको रु १६६०००।०० मिति २०७६।६।६ मा फिर्ता दाखिला गरेको छ ।<br><br>र.नं. ३३६२ को आम्दानी रु ३०००।०० दाखिला नभएको हुँदा लेखापरीक्षणको क्रममा सो आम्दानी असुल गरिएको छ । | |
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यसतै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को योजना तर्जुमाको समय तालिका वमोजिम स्थानीय तहले २०७५।७६ को बजेट तथा कार्यक्रम कार्यपालिकाले सभामा पेश गरि आषाढ ३० भित्र स्वीकृती हुनुपर्ने उल्लेख छ । सभावाट २०७५।३।२५मा ५१५०३० हजार वजेट स्वीकृत गरी २०७५।३।२५ मा प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । | |
| २. | **वजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था बमोजिम गाउँपालिकाको सभा मिति २०७४ आषाढ २५ गते बसी वजेट, नीति तथा कार्यक्रम पारित गरेको देखिन्छ | |
| ३. | **श्रोतअनुमान तथा वजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो भए गरेको देखिएन । | |
| ४. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाबाट आवश्यकताका आधारमा योजनाहरुको छनौट तथा कार्यान्वयन भएको पाइयो । कार्यक्रमहरुको प्राथमिकीकरण र तादाम्यता मिलाउनुपर्दछ । | |
| ५. | **वैक मौज्दात हिसावः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा संचित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । गाउँकार्यपालिकाको वैक स्टेटमेन्ट अनुसार २०७६ आषाढ अन्तिमको वैक मौज्दात रु ३०११३८७०१।१५ देखिन्छ । सो मध्ये निकासा फिर्ता हुन वाँकी रु ३३५९८४७२।६८ र चेक साट्न वाँकी रकम रु ६६३०११०४।८६ घटाउदाको मौज्दात रु २०१२५९१२३।६१ हुनुपर्दछ । | |
| ६. | **मुल्य अभिवृद्धि कर कट्टी नभएको :** नेपाल सरकार, आन्तरिक राजश्व विभाग को च.न.१२७ मिति | |

| | | |
|---|---|---|
| | २०७६।२।२७ र म.ले.नि.का को च.न. ४१८ मिति २०७६।२।३० को परीपत्र अनुसार मु.अ.कर ऐन २०५३ को दफा ६ ग मा करार वा सम्झौता वमोजिमको वस्तु तथा सेवाको मु.अ.कर भुक्तानीमा ६.५ प्रतिशत मु.अ.कर कट्टी गरी सम्वन्धीत कार्यालयको राजश्व शिर्षकमा दाखीला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व २०७५।०७६ मा उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरुमा ६.५ प्रतिशत मु.अ.कर कट्टी गरेको पाइएन । | |
| ७. | **लेखाङ्कन तथा प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा पालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत वमोजिमको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |
| ८. | **राजश्व अभिलेख :**नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश ३ आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ (भ) मा वित्तिय विवरण सम्वन्धी व्यवस्था छ । यस पालिकाले यस बर्ष रु.२०२५७६९३७००राजस्व आन्तरिक आम्दानी भएको भनि देखाएकोमा राजस्व आम्दानीको, बैंक दाखिला भौचरका आधारमा म.ले.प. फा.नं. १०८ राजस्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प. फा.नं. २३ को राजश्व आम्दानी बैंक नगदी किताब लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br><br>पालिकाले करदाता वा सेवाग्राहिबाट प्राप्त हुन आएको राजश्वको सम्बन्धित आय शीर्षक खातामा प्रविष्ट गरी स्रेस्ता राख्नु पर्नेमा गाउँपालिकाका ९ वडा कार्यालयहरुले उठाएको राजश्व दैनिक आम्दानी अभिलेख नगदी रसिद अनुसार एकिन गरी आम्दानी हुनु पर्नेमा दाखिला भौचरको आधारमा मात्र आम्दानी बाँधेको पाइयो ।बक्यौता रहे नरहेको सम्बन्धमा छानवीन गरी आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| ९. | **नगदी रसिद :** पालिकाले नगदी रसिद तथा मालपोत रसिद छपाई र छपाई भएका प्याडहरु रसिद नियन्त्रण कितावमा राखी सोको अभिलेख जनाई वडाको राजश्व उठाउने कर्मचारीलाई वुझाउनु पर्दछ । राजश्व उठाउने कर्मचारीले वुझि लगेका रसिद मध्ये काटि सकिएका ठेली रसिदहरु गाउँपालिकाले फिर्ता लिई सो वमोजिमको राजश्व वा मालपोत प्राप्त भए नभएको एकिन गरी राजश्व हिसाव फरफारख गर्नुपर्दछ । गाउँपालिकाले छपाइ गरेका सवै नगदी रसिदको हिसाव रसिद नियन्त्रण खातामा राखेको छैन भने वडामा गएका नगदी रसिद तथा मालपोत रसिद जिम्मा लिनेवाट रसिद वमोजिम नगद प्राप्त भयो भएन अभिलेख समेत वनाएको छैन । पालिकाले आर्थिक विवरणमा देखाएको स्थनीय संचित कोषमा जम्मा भएको आन्तरिक आम्दानी समेत कुन वडावाट जम्मा भयो के कति रसिदवाट सो रकम जम्मा भएको थियो सो को अभिलेख विना नै वैकमा जम्मा भएको आधारमा पनि आन्तरिक राजश्व हिसाव देखाएको छ । अत पालिकाको छपाई भएका रसिद, रसिद अनुसारको राजश्व संकलन तथा सोको अभिलेख समेत सवै वडाको छानविन गरी वास्तविक राजश्व हिसाव देखाउनु पर्दछ । | |
| १०. | **राजस्व परामर्श समिति :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक २०७५।२।२२ मा बसेतापनि राजस्वका दर तोक्ने बाहेक अन्य कार्य गरेको नदेखिएकोले कानुनी व्यवस्था अनुसारका कार्यमा समिति सक्रिय हुनुपर्दछ । | |

११. **अबण्डा रकम** : गाउँपालिकाले पुँजीगत खर्चको २०७५।०७६ को बजेट मा बाँडफाड गरी रु.१९६ लाख बजेट अवण्डा राखि पटके निर्णयले खर्च गरेको देखिन्छ । पालिकाले बजेट बाडफाँडमा कार्यक्रमा उल्लेख गरी बजेट छुट्याउनु पर्नेमा यसरी अवण्डा रकम राखी तजविजी रुपमा निर्णय गरी खर्च लेखेको नियम सम्मत देखिएन । यस्तो प्रकृयामा सुधार हुनपर्दछ ।

| कार्यक्रमको नाम | रकम |
|---|---|
| समपूरक | ७५ लाख |
| मर्मत सम्भार कोष | ५० लाख |
| खेल मैदान तथा मर्मत सबै वडा | ८ लाख |
| सकारात्मक सोच तालिम | २ लाख |
| सचेतना कार्यक्रम | १ लाख |
| टोल विकास समूह | ८ लाख |
| राजश्व व्यवस्थापन | २ लाख |
| भैपरी आउने | ५० लाख |
| **जम्मा:** | **१९६ लाख** |

१२. **कार्यक्रम परिवर्तन:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरुको सिफारीसमा कार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।

| सि. नं | मौजुदा कार्यक्रम | रकम | परिवर्तित कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १. | लामिटार चकरी सडक | ८० लाख | | |
| २. | सालघारी दिपाली टोल सडक | ५० लाख | विभिन्न २ योजनाहरु | ५० लाख |
| ३. | बाढी पीडित बस्ती स्थानान्तरण | ५ लाख | बाढी पीडित चट्यांग व्यवस्थापन | ५ लाख |
| ४. | चेपांग तथा वनकरिया होमस्टे | ५ लाख | वनकरिया होमस्टे | ५ लाख |
| ५. | प्लाष्टिक झोला विस्थापन | ५ लाख | कपडा तथा खादा बनाउने तालिम | ५ लाख |
| ६. | मकरी लिफ्ट सिंचाई | ५० लाख | मकरी लिफ्ट सिंचाई तथा खानेपानी | ५० लाख |
| ७. | चुवारपाखा बाटो मर्मत | ७० हजार | ट्वांग्रा मन्दिर चौर निर्माण | ७० हजार |
| ८. | क्रिष्टल गहना बनाउने तालिम | १ लाख | मखमल जुत्ता बनाउने तालिम | १ लाख |
| ९. | वडा भेला कार्यक्रम | १ लाख ५० हजार | युवामैत्री तालिम | १ लाख ५० हजार |
| १०. | आ.ज. मुढा बनाउने तालिम | १ लाख ५० हजार | विभिन्न २ वटा तालिम | १ लाख ५० हजार |
| ११. | सुधारिएको चुलो | ६७३ हजार | सोलार स्र्टीट लाइन | ६७३ हजार |
| १२. | बायो ग्याल जडान | १ लाख | नयाँ गोबर ग्यास प्लान्ट | १ लाख |
| १३. | सालघारी दिपाली टोल सडक | ५० लाख | विभिन्न १ योजना | ५० लाख |

१३. **लक्ष्य तथा प्रगति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त योजना संचालनको प्रगती विवरण अनुसार यस वर्ष सञ्चालित कुल २५६ योजनाहरुमध्ये १ लाखभन्दा कममा २९ योजना १-५ लाख सम्मका १२१ योजना, ५-१० लाख सम्मका २९ योजना १० लाख देखि ५० लाखसम्मका ३९ योजना र ५० लाखभन्दा माथिका ९ वटा योजना सञ्चालन भएकोमा १५ वटा योजनामा शुन्य प्रगती रहेको पाइयो । पालिकाले कूल संचालित योजना २४१ मा रु १९४९९२ हजार खर्च गरेको देखिन्छ । सोमध्ये विभिन्न १६ योजनामा ५० प्रतिशतसम्म प्रगति र विभिन्न ७२ योजनाहरुमा ७५ प्रतिशतसम्म प्रगति भएको देखिन्छ । लक्ष्य अनुसार प्रगति हुन नसक्दा योजना समयमानै सम्पन्न हुन नसक्ने अवस्था रहेको छ । स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन हुनु पर्दछ ।

१४. **आन्तरीक नियन्त्रण प्रणाली** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट

सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ ।

- प्रत्येक कर्मचारीको पदको कार्यविवरण वनाई लागू नगरेको,
- जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सोको कार्यान्वयन नभएको
- कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको,
- केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,
- खर्च संकेत नं. र खर्च शीर्षक नभिडेको,
- भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको,
- कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,
- प्राविधिक जाँचपास, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको,
- यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,
- पेश्की फछ्यौट समयमागर्ने नगरेको,
- नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको,
- सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाइल खडा गरी सम्वन्धित कागजात व्यवस्थित गरी राख्नुपर्नेमा नराखेको,
- सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिकरुपमा मात्र गरेको,
- सञ्चालित कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गरी सोको नियमित प्रतिवेदन तयार गर्ने गरेको छैन ।

आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।

१५. **सेवा प्रवाह :** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार २०७५।७६ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ :

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या |
|---|---|---|
| १. | विवाह दर्ता | ६३३ |
| २. | जन्म दर्ता | १५६ |
| ३. | मृत्यु दर्ता | २९८ |
| ४. | बसाईसराई | २९९ (१९८ आएको, १०१ गएको) |
| ५. | सम्वन्ध विच्छेद | १९ |
| | **जम्मा:** | **१४०५** |

<table>
<tr><td>१६.</td><td>न्यायिक समिति : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था गरेको छ । पालिकामा गठन भएको न्यायिक समितिले वार्षिक रुपमा प्रवाह गरेको सेवाको विवरण निम्नानुसार रहेको विवरण पेश भएको भएको छ ।
<table>
<tr><th>अ.ल्या</th><th>यस वर्ष थप मुद्दा</th><th>जम्मा मुद्दा</th><th>फछ्यौट संख्या</th><th>वाह्य प्रेषित मुद्दा</th><th>बाँकी</th></tr>
<tr><td>३</td><td>७१</td><td>७४</td><td>५५</td><td>०</td><td>१९</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.</td><td>योजना र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले पुँजीगततर्फ विभिन्न २५६ योजनाको प्रगति विवरण अनुसार यस वर्ष सञ्चालित कुल योजनाहरु मध्ये १ लाख भन्दा कममा २९ योजना, १-५ लाख सम्मका १२१ योजना, ५-१० लाख सम्मका २९ योजना, १० लाख देखि ५० लाखसम्मका ३९ योजना र ५० लाख देखि माथि ९ योजना सञ्चालन भएको पाइयो । १५ वटा योजनामा शुन्य प्रगति खर्च लेखेको पाईयो । पालिकाले साना तथा टुक्रे योजना धेरै सञ्चालन गरेको, मध्यम तथा दीर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गाउँको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेकोले सडकको संरचना तथा स्तरोन्नतीमा ध्यान दिएको पाईएन । पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>जिन्सी व्यबस्थापन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तीको व्यवस्थापन तथा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने गाउँको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । नियमावलीको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>कर्मचारी व्यवस्था : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा संगठन र दरवन्दी सम्वन्धी व्यवस्था छ । पालिकामा रहने कर्मचारी दरवन्दी ३५ रहेपनि पदपूर्ति २७रहेको देखियो । विभिन्न ८पद रिक्त रहेका छन । जनशक्तिको अभावमा पालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर पर्ने हुँदा दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ ।पालिकाले १३ कर्मचारी करारमा नियुक्ती गरी ३९,४७,८६२।००खर्च लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>आन्तरिक लेखापरीक्षण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्किएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आ.ले.प शाखा गठन समेत गरेको छैन । त्यस्तै आ.व २०७५।७६ को कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनको पालना गरी अन्तिम लेखापरीक्षण हुनु पुर्वनै आन्तरिक लेखापरीक्षण फछ्र्यौट गराउनु तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.</td><td>समपूरक अनुदान : नेपाल सरकार, अर्थमन्त्रालयको च.नं ९६९ मिति २०७५।२।२७ को पत्रानुसार आ.व २०७५।०७६ को अन्तरसरकारी वित्तिय हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शनको वुदा नं.७ मा शशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई वचत भएमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।१ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले रु १ करोड खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ रु.</td><td>१००००००० </td></tr>
</table>

| सि.नं | कार्यक्रमको नाम | व.उ.शि.न | फिर्ता हुनुपर्ने रकम |
|---|---|---|---|
| १. | समपूरक प्रदेश | | १००००००.०० |
| | | **जम्मा** | **१००००००.००** |

२२. **चौमासिक खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ माचौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार वित्तिय समानीकरण पुंजिगत तर्फ प्रथम चौमासिकमा ३.५ प्रतिशत, दोश्रो चौमासिकमा २०.८ प्रतिशत र तेश्रो चौमासिकमा ७६.५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ५१.५ प्रतिशत खर्च भई तेस्रो चौमासिकमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वार्षिक कार्यक्रम अनुसार चौमासिकरुपमा वजेट खर्च गर्नु पर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च (रु हजारमा) | चौमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | वित्तिय समानीकरण पुंजिगत | १९४९९२ | ७६२१ | ३०१६३ | १४९५८६ | ७४७७० |
| | खर्च प्रतिशतमा | | ३.९ | २०.८ | ७६.५ | ५१.५ |

२३. योजना पहिचान गरी आवश्यकता अनुसार जिन्सि सामान खरिद गरी गाँसभा/कार्यपालिकाको वैठकको निर्णयानुसार लागत सहभागिताका आधारमा जिन्सी सामान वितरण गर्नु पर्नेमा तोक आदेशका आधारमा निम्नानुसारका जिन्सी सामानहरु खर्च गरेको पाईयो । सामान खर्च गर्दा स्थानीय आवस्यकता, दोहोरो नपर्ने र वितरणको उपयुक्त मापदण्ड बनाएको पाईएन । सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्य गराउंदा जनसहभागिता सहितको लागत अनुमान तयार गरी सोहि लागत अनुमानको आधारमा खानेपानी पाइप, ग्याबिन तारजाली सामानहरु पालिकाले तोक आदेशका आधारमा वितरण गरेको छ । सम्वन्धित योजनाहरुमा तोकिएको अवधि भित्र प्रयोग भए नभएको र अपेक्षित उपलव्धी भए नभएको सम्वन्धमा प्राविधिक सहित स्थलगत अनुगमनको आधारमा मुल्यांकन गरी फरफारक गर्नु गराउनु पर्नेमा सो अनुसार गरेको नपाईएकाले उल्लेखित कार्य सम्पादन भएको एकिन नभएको रु १७२९८६२.००

| मिति | योजनाको नाम | सामानको किसिम | परिमाण (मि) | रकम |
|---|---|---|---|---|
| २०७६/१/२५ | गणेश खानेपानी योजना मनहरी २ | २०एम्.एम्को पाईप | ८०० | २८०४०।०० |
| २०७६/१/२६ | मगराटोल खा.पा.यो मनहरी २ | २५एम्.एम्को पाईप | ८०० | २८०४०।०० |
| २०७६/२/१० | पूल्चोक बेलूवा गूम्वाटोल खा.पा.यो मनहरी ८ | २५एम्.एम्को पाईप | २००० | ९९८४०।०० |
| २०७६/२/१० | निर्मलवस्ती मानेडंडा खानेपानी योजना वडा नं. ७ | २५एम्.एम्को पाईप | ८०० | ३९९३६।०० |
| २०७६/१/२५ | तत्लो मकरी पूछ्रार खानेपानी योजना वडा नं. १ | ३२एम्.एम्को पाईप | ६०० | ३३९००।०० |
| २०७६/१/२५ | अजिङ्गरे टोल खानेपानी योजना, वडा नं. ४ | ३२एम्.एम्को पाईप | ६०० | ३३९००।०० |
| २०७६/१/२५ | घरेडीटोल खानेपानी योजना,वडा नं. ९ | ३२एम्.एम्को पाईप | ५०० | २८२५०।०० |
| २०७६/२/१० | बलौटेटोल खानेपानी योजना, वडा नं. ९ | ३२एम्.एम्को पाईप | ५०० | २८२५०।०० |
| २०७६/१/३० | तारुवास बैदारटोल खानेपानी योजना, वडा नं. ४ | ४०एम्.एम्को पाईप | ८०० | ६७९८४।०० |
| २०७६/१/२५ | तत्लो मकरी पूछ्रार खानेपानी योजना वडा नं. १ | ४०एम्.एम्को पाईप | ६०० | ५०९८८।०० |
| २०७६/१/२५ | डिल्लिपूर नयांगाउ खानेपानी योजना, मनहरी ५ | ४०एम्.एम्को पाईप | ४०० | ३३९९२।०० |
| २०७६/१/२५ | समिलटोल खानेपानी योजना, वडा नं. ७ | ४०एम्.एम्को पाईप | ४०० | ३३९९२।०० |
| २०७५/६/४ | हांडीखोला सान्नानटार काठेपूल | ग्यावियन जाली | ३० | १००५००।०० |
| २०७५/७/१३ | सहिदस्मृति वाल कल्याण विद्यालय, वडा नं.९ | ग्यावियन जाली | १५ | ५०२५०।०० |
| २०७५/७/१४ | वर्राटांडी बस्ती संरक्षण वडा नं.४ | ग्यावियन जाली | १५ | ५०२५०।०० |
| २०७५/८/१७ | कालिदमार वस्ती संरक्षण वडा नं. ३ | ग्यावियन जाली | १५ | ५०२५०।०० |
| २०७५/८/२० | ढकाल खोल्ची नियन्त्रण वडा नं.९ | ग्यावियन जाली | २० | ६७०००।०० |
| २०७५/८/१९ | ज्यामिरे खोला तटवन्ध योजना वाडा नं १ | ग्यावियन जाली | ३० | १००५००।०० |
| २०७५/८/२० | शान्तीटोल विकास संस्था, वडा नं.७ | ग्यावियन जाली | २० | ६७०००।०० |
| २०७५/९/२३ | यूवावर्ष गंगा आधारभूत विद्यालय वडा नं. ९ | ग्यावियन जाली | ४० | १३४०००।०० |
| २०७५/९/२४ | डिपाट झोरा नियन्त्रण उ.स.वडा नं.६ | ग्यावियन जाली | ३५ | ११७२५०।०० |
| २०७५/९/२४ | ठाडोखोला नियन्त्रण मनहरी ४ | ग्यावियन जाली | १४५ | ४८५७५०।०० |
| | जम्मा | | | १७२९८६२।०० |

२४. **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षित समुहको कार्यक्रम लक्षीत समुहको मागको आधारमा लक्षित समुहको पूँजी

| | | |
|---|---|---|
| | निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्चगर्नु पर्दछ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था हुनुपर्नेमा गाउंपालिकाले लक्षित वर्गका लागि विनियोजन गरेको वजेटवाट पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा खर्च गरी वितरणमुखि कार्यक्रममा खर्च गरेको पाईयो । लक्षित समुहको पूँजी निर्माण, क्षमता विकास जस्ता कार्यक्रममा खर्च गर्नुपर्नेमा वितरणमुखि गोष्ठी सभा जस्ता कार्यक्रम संञ्चालन भएकोले वजेट सिद्धान्त विपरित खर्च भएको छ । रकम खर्च गर्दा पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा मात्र खर्च गर्नु पर्दछ । | |
| २५. | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउंपालिकाले कुल आन्तरीक आय तर्फ आम्दानी गर्ने लक्ष्यनै नतोकेको र व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । गाउंपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनुपर्दछ । | |
| २६. | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । पालिकाले सवारीहरुको दर्ता एवं नविकरणको दर तोकेको भए पनि यो वर्ष आम्दानी गर्ने लक्ष्य नराखेको तथा आम्दानी समेत भएको पाईएन । | |
| २७. | **वक्यौता कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम पालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस गाउँमा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउन ताकेता समेत गरेको पाईएन यस क्षेत्रमा दर्ताको अभिलेख नरहेकोले करदाताको वहाल कर नखुलेकोले उक्त रकम समेत एकिन गरि असुल गर्नुपर्दछ । | |
| २८. | **भ्रमणको उद्देश्य** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण खर्चको बिल भरपाई सहित भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भ्रमणको उद्देश्य नखुलाई भ्रमण खर्च लेख्ने गरेको देखिन्छ । यस्तो प्रकृयामा सुधार गरिनुपर्दछ । | |
| २९. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । आधारभूत तथ्यांकको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ३०. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यो आर्थिक वर्षमा एकमुष्ठ रु ४ लाख विनियोजन गरेता पनि आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा ल्याएको देखिन्छ । | |
| ३१. | **कोष व्यवस्थापन :** पालिकाले आफ्नो नियमित कार्यलाई व्यवस्थित वनाउन विभिन्न कोषहरु स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्वन्धमा सभावाट कोष व्यवस्थापन | |

कार्यविधी स्वीकृत गरी संचालन गर्नु पर्दछ । पालिकाको वैठकले विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोषहरु खडा गर्ने र कार्यविधी तयार गर्ने निर्णय गरेको भएता पनि कोष संचालन कार्यविधी सभावाट स्वीकृत गरी कोष खडा गर्ने तथा परिचालन गर्ने प्रक्रिया नियमन गर्न सकेको पाइएन । कार्यविधी तयार गरी आवश्यक कोष खडा गरी रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

३२. **आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन । यो वर्ष गाउँपालिकाले मालपोत नक्सापास लगायतको स्रोतवाट रु. १९ करोड २६ लाखको आन्तरिक आय प्रक्षेपणगरेको छ । प्रक्षेपण गरिएको मध्ये रु २० करोड २५ लाखसंकलन भएको देखिएको छ । गाउँपलिकाले आन्तरिक आयका थप क्षेत्र पहिचान गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन प्रयास गर्नुपर्ने देखिन्छ ।

३३. **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । पालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन् कार्यका लागि IEEस्वीकृत नभएको अवस्थामा अमानतबाट आ.व. ०७५।०७६ मा रु २३ करोड ३१ लाख ६९ हजार १ सय ७२ रुपैया ढुंगा, गिट्टी उत्खनन् र शुल्क संकलन गरेको छ । सरसफाईको काममा गाउँपालिकाकार्यक्षेत्रको सडक सफाइ, फोहोर संकल जस्ता वातावरण सुधार तर्फ ध्यान पुगेको देखिएन । अत गाउँ सरसफाई तथा वातावरण संरक्षणका थप कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ ।

३४. **खर्चको मापदण्ड नबनाएको :**प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्वन्धी व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा खर्चगर्ने अख्तीयारी र कार्यविधिको उल्लेख छ । पालिकाले वजेटको सिमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले वर्षभरीमा खाजा, खाना तथा गाडी भाडामा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा पालिकाले मापदण्ड वनाएको पाईएन । खर्च रकम नियनत्रण गर्न आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं | खर्चको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १. | खाजा तथा खाना (विविध | १३७२६०९.०० | खाजा खाना तथा वैठक तथा सभा |
| २. | भाडा | ७८८०००.०० | गाडी भाडामा लिई खर्च गरेको रकम |
| ३. | ईन्धन | १०९५१०१.०० | सवारी साधनहरु |
| ४. | भैपरी आउने चालु खर्च | ४२२७७७०.०० | |

३५. **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष सार्वजनिक परीक्षण गरेको पाइएन । खर्चलाई पारदर्शी गर्न ऐनको व्यवस्था पालना गर्नुपर्दछ ।

३६. **सामाजिक सुरक्षा :** यो वर्ष कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको अनुदान रु.५,५०,५०,०००।- बजेट विनियोजन भएकोमा सोमध्ये रु.५,४८,८४,०००।- खर्च भई रु.१६६०००।- मिति २०७६।६।६ मा फिर्ता दाखिला गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

३७. गाउँपालिकाले बैंकलाई पेश्की दिंदा बार्षिक रुपमा नै दोहोरो हुने गरी निम्नानुसारको दोहोरो पेश्की दिएको पाइयो । सो सम्बन्धमा पेश्की फछ्र्यौट गर्दा दोहोरो पेश्की निकासा रु.२,१६,०००।- असुल हुनुपर्दछ ।

| लाभग्राहीको नाम | भत्ताको किसिम | वडा नं. | निकासा रकम |
|---|---|---|---|
| कृष्ण बहादुर श्रेष्ठ | जेष्ठ नागरिक (अन्य) | ६ | २४०००.०० |

| | | | |
|---|---|---|---|
| जय बहादुर सिंतान | जेष्ठ नागरिक (अन्य) | ३ | २४०००.०० |
| बुद्धि बहादुर प्रजा | जेष्ठ नागरिक (अन्य) | ४ | २४०००.०० |
| महालक्ष्मी घलान | जेष्ठ नागरिक (अन्य) | ३ | २४०००.०० |
| सानु कान्छी मुक्तान | जेष्ठ नागरिक (अन्य) | २ | २४०००.०० |
| दमलाल सार्की | जेष्ठ नागरिक (दलित) | ५ | १२०००.०० |
| बलराम कलवार | जेष्ठ नागरिक (दलित) | ४ | १२०००.०० |
| मान बहादुर वि.क. | जेष्ठ नागरिक (दलित) | ४ | १२०००.०० |
| कृष्णमाया थिंग | विधवा | १ | २४०००.०० |
| ज्ञानु पराजुली | विधवा | १ | १२०००.०० |
| टिकादेवी रिमा | विधवा | ६ | १२०००.०० |
| बाल कुमारी दवाडी | विधवा | १ | १२०००.०० |
| | | **जम्मा** | **२१६०००.००** |

३८. गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरणका लागि विभिन्न ५ वटा बैंकहरुलाई रु ५,४८,८४,०००।०० पेश्की दिएकोमा लेखापरीक्षण अवधि २०७६।८।८ सम्म पनि फछ्र्यौट नभएकोले भरपाई प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

बैंक मार्फत भुक्तानी हुनका लागि पेश्की लिएको अभिलेखमा भत्ता बुझिलिनेको खाता नं. उल्लेख भएको देखिएन । मिति २०७६।०३।३१ मा बैंकबाट फिर्ता दाखिला भएको रु ७४८२००।०० लेखापरीक्षण अवधिसम्म पनि गाउँपालिकाको संचित कोषमा रहिरहेकोले पेश्की फछ्र्यौट हुँदा उक्त रकम संघीय संचित कोषमा फिर्ता दाखिला हुनुपर्दछ ।

बैंक मार्फत भुक्तानी हुनका लागि पेश्की लिएको अभिलेखमा भत्ता बुझिलिनेको नागरिकता नं. उल्लेख भएको देखिएन । यस सम्बन्धमा छानविन हुनुपर्दछ । जुन निम्नानसार छन्:

| वडा नं. | लाभग्राहीको नाम | रकम |
|---|---|---|
| १ | ठुलीमाया मुक्तान | ८०००.०० |
| | भक्त कुमारी भण्डारी | ८०००.०० |
| | भिम बहादुर प्रजा | ८०००.०० |
| | मान बहादुर घलान | ८०००.०० |
| २ | कालिमाया स्यांगतान | ८०००.०० |
| | ठुलीमाया घलान | ८०००.० |
| | बिर बहादुर थिंग | ८०००.०० |
| | कल्पना माया भ्लोन | ४०००.०० |
| ३ | जित बहादुर चेपांग | ८०००.०० |
| | मेदन कुमारी अधिकारी | ८०००.०० |
| | रिता स्यांगतान | ४०००.०० |
| | लक्ष्मी कार्की | ४०००.०० |
| | विष्णुमाया अर्याल | ४०००.०० |
| | साबित्री बर्तौला | ४०००.० |
| ५ | ढलक बहादुर विश्वकर्मा | ८०००.०० |
| | लाल बहादुर रुम्बा | ८०००.० |
| | रन बहादुर खुलाल | १२०००.० |
| ६ | कामी सि ब्लोन | ८०००.०० |
| | चन्द्र बहादुर श्रेष्ठ | ८०००.०० |
| | झुमा लामा | ८०००.०० |
| | धन सुर थिंग | ८०००.०० |
| | मंगल सि वाल्वा थिंग | ८०००.०० |
| | राम बहादुर ब्लोन | ८०००.० |

| | | |
|---|---|---|
| | लाल बहादुर घिमिरे | ८०००.०० |
| | सुमन लाल थिंग तामांग | ८०००.०० |
| | सुर्य बहादुर थिंग | ८०००.०० |
| | चन्द्र बहादुर कामी | ८०००.०० |
| | दाउरी कोश्वार | ४०००.०० |
| | जित बहादुर प्रजा | ८०००.०० |
| | पदम बहादुर मल्ल ठकुरी | ८०००.०० |
| | भद्र बहादुर थापा मगर | ८०००.०० |
| ७ | सन्चरी बोटे | ८०००.०० |
| | कृष्ण कुमारी सुवेदी | ८०००.०० |
| | बाल कुमारी अर्जेल | ८०००.०० |
| | मनमाया तामांग | ४०००.०० |
| | गुण बहादुर तामांग | ८०००.०० |
| ८ | राम माया थापा क्षेत्री | ८०००.०० |
| | रामहरि कडेल | ८०००.०० |
| | सिता उप्रेती | ८०००.०० |
| | तुलाराम ओझा | ८०००.०० |
| | दिल बहादुर थापा मगर | ८०००.०० |
| ९ | बलराम पौडेल | ८०००.०० |
| | सुर्य बहादुर विश्वकर्मा | ४०००.०० |
| | चन्द्रमाया जोशी | ४०००.०० |

| | | |
|---|---|---|
| ३९. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । यसैगरि परिचयपत्र प्राप्तिका लागी अनुसुचीहरुमा तोकिएको ढाँचामा फारमहरु गाउँपालिकाले निशुल्क उपलब्ध गराउने,साबिकमा परिचयपत्र लिएका व्यक्तिहरुको नवीकरण गर्नुपर्ने, परिचयपत्र बितरण गरी भत्ता बितरण गर्न नहुने जस्ता बिषयहरु उल्लेख गरिएको छ । भत्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र नं. उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरि भत्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित बर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रबाह प्रणाली ब्यबस्थापन कमजोर हुने साथै लक्षीत बर्गले भत्ता प्राप्त गरे गाउँको यकिन गर्न नसकिने भएकोले कार्यालयले शीघ्र परिचयपत्र बितरण गरी आर्थिक अनुसाशन कायम गराउनुपर्ने देखिन्छ । | |
| ४०. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालिका र गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन । | |
| ४१. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै | |

<table>
<tr><td></td><td>दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता नमूना छनौट भएका वडाको परीक्षणको लागि पेश गरेकोमा सम्पूर्ण व्यहोरा खुल्ने गरी व्यवस्थित गाउँको र केहीको नामनामेसी समेत छुट भएको र वित्तीय सूचना प्रणाली (MIS) मा नामनामेसी राखेको देखिएन । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन गाउँको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यु, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश गाउँबाट भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>४२.</td><td>अतिरिक्त भत्ता : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले मिति २०७५।१०।२३ प्रमाणिकरण भएको कर्मचारी प्रोत्साहन मापदण्ड, २०७५ अनुसार मनहरी गाउँपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७५ बमोजिम सबै स्थायी, अस्थायी, करार र ज्यालादारी सबै ४६ जना कर्मचारीहरुलाई मासिक खाइपाइ आएको तलबमा ३० प्रतिशत सम्म थप प्रोत्साहन भत्ता रु.२२६३८६०।- र करारमा नियुक्त भएका प्राविधिक कर्मचारीहरुलाई समेत रु.५०००।- प्रतिमहिनाका दरले रु २४००००।- फिल्ड भत्ता भनी भुक्तानी खर्च लेखेको छ । बर्षभरीमा यस्तो खर्च रु २५०३८६०।- भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>तलवी प्रतिबेदन : निजामती सेवा ऐन २०४९ को दफा ७ ख(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास गाउँाई तलब खुवाउन हुदैन । प्रतिवेदन पास गरी तलब खुवाएको भएमा त्यसरी तलब खुवाउने पदाधिकारीबाट त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम सरकारी बाकीसरह असुलउपर गरिने उल्लेख छ ।गाउँपालिकाले कर्मचारीको तलवी प्रतिवेदन पारित नगरीरु ९४२८३४१८।८२ तलव खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्ने व्यवस्था हुनपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.</td><td>मू.अ.करमा दर्ता नभएकासंग खरिद :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९, २ (क) अनुसार वीस हजार रुपैया भन्दा बढी को खरिद मु.अ.कर दर्ता भएका संस्थाबाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ ।विभिन्न मितिमा निम्नानुसार रु.४५०००भुक्तानी गरेकोमा मु.अ.कर दर्ता नभएको फर्म संग खरिद गरेको नियम सम्मत नदेखिएकोरु
<table>
<tr><th>गो.भौ.नं. र मिति चालु तर्फ</th><th>भुक्तानी पाउने</th><th>कारोबार रकम</th><th>पान नं.</th></tr>
<tr><td>५७।७०७६।३।३१</td><td>रिपुस कम्प्युटर इन्स्टिच्यूट</td><td>४५०००.००</td><td>६०२१७२८११</td></tr>
</table></td><td>४५०००.००</td></tr>
<tr><td>४५.</td><td>कर विजक : मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । साथै आन्तरिक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । यस गाउँपालिकाले निम्नानुसार भुक्तानी गर्दा केरमेट भएका कर विजकबाट मु.अ.कर भुक्तानी गरेको रु.९२८२।- को मु.अ.कर समायोजन पत्र पेश हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>४।०७६।३।१६ (हस्तान्तरित पुँजीगत कार्यक्रम)</td><td>जयलक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स (६०११६१८४१)</td><td>८०६८२.००</td><td>९२८२.००</td><td>विजक नं. केरमेट गरेको</td></tr>
</table></td><td>९२८२.००</td></tr>
</table>

४६. **आर्थिकसहायता :**सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपुर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलब्ध गराउने उल्लेख छ । गाउँपालिकाले सभावाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाइ घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी गाउँपालिकाको बैठकको निर्णयवाट विभिन्न व्यक्ति तथा संस्थाहरुलाई रु.१४३१३००।०० आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधी तथा मापदण्ड तयार गरेको छैन ।

४७. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनले व्यवस्था नगरेको अवस्थामा पालिकाले देहाय बमोजिम रु.५९,८०,४००।०० सुविधा वापत भुक्तानी भएको छ । सो मध्ये बैठक भत्तामा मात्र खर्च गरेको रु. ६२७२००।००

| सि. नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ५ जम्मा | सभाका सदस्य ३२ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३००००.०० | २५०००.०० | २००००.०० | ६०००.०० | ५०००.०० | ८६०००.०० |
| २ | सञ्चार सुविधा | १५००.०० | १०००.०० | १०००.०० | | | ३५००.०० |
| ३ | बैठक भत्ता(बैठक संख्याको आधारमा | | | | | | ६२७२००.०० |
| ४ | खाजा भत्ता( मासिक) | २००.०० | २००.०० | २००.०० | २००.०० | २००.०० | १०००.०० |
| ५ | पुस्तक पत्रिका( मासिक) | | | | | | ०.०० |
| ६ | अनुगमन भत्ता( मासिक) | | | | | | ०.०० |
| ७ | खानेपानी विजुली मासिक) | | | | | | ०.०० |
| ८ | सरसफाई मासिक) | | | | | | ०.०० |
| ९ | यातायात खर्च( मासिक) | | | | | | ०.०० |
| | **जम्मा** | ३१७००.०० | २६२००.०० | २१२००.०० | ६२००.०० | ५२००.०० | ९०५००.०० |
| | **कुल जम्मा** | ३८०४००.०० | ३१४४००.०० | २२८९६००.०० | ३७२०००.०० | १९९६८००.०० | ५९८०४००.०० |

४८. स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने मासिक सुविधा ४,२५,०००।०० को भुक्तानीमा १ प्रतिशतले हुने रकम रु. ४२५०।०० कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा गाउपालिकाले मासिक रु. ४०५५। मात्र कट्टा गरेकोमा बाँकी कर रकम रु.१९५ ले हुने वार्षिक रु.२३४०।०० असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. २३४०.००

४९. स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसरुची १(क) मा सञ्चार सुविधा वापत गाउँ कार्यपालिकाको अध्यक्षले प्रति महिना रु.१५००।०० तथा उपाध्यक्षले प्रति महिना रु.१०००।०० पाउने भन्ने व्यवस्था उल्लेख भएकोमा देहायका पदाधिकारीले संचार सुविधा वापत बढी खर्च गरेको रकम असुल गर्नुपर्ने रु. २८०००.००

| सि.नं. | पदाधिकारीको नाम थर | वार्षिक संचार सुविधा | भुक्तानी भएको | बढी खर्च |
|---|---|---|---|---|
| १ | अध्यक्ष एकराज उप्रेती | १८०००।०० | २९०००।०० | ११०००।०० |
| २ | उपाध्यक्ष मनिला विष्ट | १२०००।०० | २९०००।०० | १७०००।०० |
| | | | **जम्मा** | **२८०००।००** |

५०. **वितरणमुखी कार्यक्रम :** लक्षित समूहको कार्यक्रम संचालन गर्दा पूजी निर्माण सेवा प्रवाहमा गुणस्तरीय सुधार क्षमता वृद्धि हुने जस्ता मापन गर्न सकिने ठोस कार्यक्रम वा योजनामा मात्र विनियोजन एवं खर्च गर्नुपर्दछ । त्यस गाउँपालिकाले देहाय अनुसार पूजी निर्माण मापन गर्न नसकिने वितरणमुखी कार्यक्रम सभावाट स्वीकृत गरी सञ्चालन गरेको देखियो । वितरणमुखी कार्यक्रमले पुजी निर्माणमा सहयोग नहुने क्षमता वृद्धि र सेवाको गुणस्तरमा कुनै योगदान दिन

सहयोगी नहुने भएकोले यस प्रकारका कार्यक्रम संचालन गर्ने गरी कार्यक्रम वनाई खर्च गर्ने पद्धती नियमसंगत देखिएन ।

**आन्तरिक आयतर्फ :**

५१. **आन्तरीक आय** : गाउँपालिकाले मालपोत कर सेवा शुल्क, घर भाडा, अन्य दस्तुर, नविकरण दस्तुर गरी राजश्व वांडफांड वाहेक रु.१२ करोड ३१ लाख ८८ हजार आम्दानी गरेको विवरण प्राप्त भएको छ । कार्यालयले आफै लिने राजश्व रकम सफ्टवेयर मार्फत रसिद काट्ने गरेको तथा वडाहरुवाट प्राप्त हुने राजश्व प्राप्त भए अनुसार दाखिला गरी राजश्व आम्दानी वांध्ने गरेको पाईयो । नगद तथा सफ्टवेयर मार्फत आम्दानी भएको रकमको दैनिक आम्दानी तथा दाखिला विवरण तयार गरी वैक दाखिलाका आधारमा आम्दानी वांधेको तथा वडागत रुपमा विभिन्न शिर्षकहरुमा प्राप्त हुने रकमको लागि कस्ता प्रकारका आयका लागि कति व्यक्ति वा संस्थाबाट प्राप्त हुनुपर्ने हो र कतिले बुझाउन बाँकी छ भन्ने वडा तथा गाउँपालिकाले अभिलेख राखेको छैन । जसले गर्दा आन्तरिक आयको सम्बन्धमा प्राप्त हुनपर्ने वा उठाउन पर्ने राजश्व तथा उठेको सवै राजश्व आम्दानी जनाएको सम्वन्धमा एकिन गर्न सक्ने अवस्था छैन ।

५२. **राजश्व असुली दाखिला :** आर्थिक कार्यविधि नियमावाली, २०६४ को परिच्छेद ३ मा राजश्व दाखिला र राजश्व लेखा सम्बन्धी व्यवस्था रहेको छ । नियम १५ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए नभएको र राजश्व लेखा तथा दाखिलाको निरिक्षण गरी राजश्व हिनामिना भए नभएको र नियम १० बमोजिम लगती तथा हसवली राजश्वको लेखा रहे नरहेको एकिन गर्नु पर्ने व्यवस्था छ । कार्यालय प्रमुखले राजश्व असुली छुट भए नभएको र राजश्व लेखा तथा दाखिलाको एक पटक पनि निरिक्षण गरेको प्रतिवेदन पेश भएन । यसबाट राजश्व उठ्न पर्ने रकम उठे नउठेको र तोकिएको समयमा बैंक दाखिला गर नगरेको कार्यालय प्रमुखले निरीक्षण गरी एकिन गरेको देखिएन ।

लेखापरीक्षणको क्रममा नगदी रसीद नियन्त्रण खाता म.ल.पे.फा.नं. ११८ दैनिक राजश्व आम्दानीको दैनिक गोश्वरा खाता म.ल.पे.फा.नं. १०८, राजश्व आम्दानी बैंक नगदी किताब म.ले.प.फा.नं. २३ मा लेखा राखी प्रत्येक महिनाको जम्मा गत महिना सम्मको आ.ल्या. र यो महिना सम्मको जम्मा देखिने गरी अभिलेख राखेको पाइएन । कम्प्युटरमा आफ्नै किसिमले लेखा राखिएको भए पनि मासिक र बार्षिक खुल्ने गरी प्रिन्ट गरी प्रमाणित भएको कपी लेखा परीक्षणमा पेश हुन नसकेकोले राजश्व असुली र दाखिला एवं समयमा दाखिला भए नभएको एकिन हुन सक्ने अवस्था देखिएन । यो बर्ष नदीजन्य पदार्थ उत्खनन् एवं निकासी बापत मात्र अमानतबाट रु २३७८४६०५०।०० राजश्व आम्दानी गरेको देखिन्छ । ठूलो परिमाणका नगदी रसिद प्रयोग हुने र धेरै आय हुने कार्यालयमा राजश्व लेखा अद्यावधिक गरीकन र नियमित रुपमा निरिक्षण समेत नगरिदा राजश्व असुली र दाखिला यथार्थ छ भन्न सकिएन ।

नदीजन्य पदार्थ संकलन बापत २ स्थानमा संकलन केन्द्र राखी करारको कर्मचारीले नगदी रसिद बुझिलाने र असुली तथा बैंक दाखिला गरेको देखिन्छ । यसमा स्थायी कर्मचारी समेत परिचालन गरी थप जिम्मेवारी किटान गरिनु पर्दछ ।

५३. नगदी रसिदहरु (वडा बाहेकको) अवस्था निम्नानुसार रहेका छन्:

| प्राप्त रकम | रसिद विवरण | रसिद छपाई | रसिद खर्च | बाँकी |
|---|---|---|---|---|
| १९५३४०८२४.५० | आयात निकासी रु ५ दर | ११७२ प्याड | ११४० प्याड | ३२ प्याड |
| २७४४९७०१.३० | अमानत निकासी रु ६ दर | २७४ प्याड | २४० प्याड | ३४ प्याड |
| १०३७८६४६ | घाटगढी रु ३ दर | २७४ प्याड | १८४ प्याड | ९० प्याड |
| ४६७६८७७.९० | वातावरण शुल्क २० पैसा दर प्रति सेफ्टी | १३८९ प्याड | १३६४ प्याड | २५ प्याड |
| नकाटिएको | अमानत निजी जग्गा उत्खनन् रु ४ दर | ६० | १ | ५९ |

| | | | | |
|---|---|---|---|---|
| ०७६।७७ मा जम्मा भएको | अमानत निजी जग्गा उत्खनन् रु २ दर | ६० | २ | ५८ |
| १ प्याड मात्र खर्च भएको रकम दाखिला हुन बाँकी | अमानत निजी जग्गा उत्खनन् रु २।४ दर | २८ | १० | १८ |

रु ३ दरको ओम शक्ति बालुवा उद्योगः रसिद प्राप्त हुन बाँकीः रकम प्राप्त हुन बाँकी ८१०१ देखि ८२०० सम्म २ प्याड

रु.३ दरको त्रिमुर्ति क्रसर र.नं. ५५०१ देखि ५६०० सम्म २ प्याड ०७६।७७ मा फिर्ता प्राप्त भएको

२० पैसा दरका ओम शक्ति बालुवा उद्योगः र.नं. १६७०१ देखि १६८०० सम्म प्याड रकम र रसिद फिर्ता नआएको

२० पैसा दरका त्रिमुर्ति क्रसर र.नं. ९८०१ देखि ९९०० सम्म २ प्याड आ.व. ०७६।७७ मा जम्मा भएको

उपरोक्त अनुसार फिर्ता नभएको रसिद प्राप्त गरी प्रयोग भए नभएको आम्दानी एकिन गर्नुपर्दछ ।

**स्वास्थ्य तर्फ**

५४. **औषधीको लोगो परीक्षण :** कार्यालयले खरिद गरेका औषधिहरुमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्थासम्बन्धमा परिक्षण गर्दा ३ वटा औषधिमा निशुल्क वितरणको लोगो नभएको र १वटामा Supply for MOHP लेखेको पाईयो । यसतर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

| सि.नं. | औषधिहरुको नाम | म्याद नाघे ननाघेको | निशुल्क वितरण लोगो |
|---|---|---|---|
| १. | Cloxin 250mg | Nov. 2020 | Not for sale |
| २. | Folus | Sep. 2020 | Supply for MOHP |
| ३. | Curacid | Feb. 2021 | नभएको |
| ४. | Zedoxy 100mg | Mar. 2021 | Ins. Supply |
| ५. | Acrolin-4 | Dec. 2020 | Ins. Supply |

५५. **निरीक्षण र स्वीकृति :** पालिकाले आपूर्ति गरिएका मालसामान संझौतामा उल्लेखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्दछ । खरिद भएका औषधी तथा सर्जिकल सामानहरु स्टोर दाखिला गर्न पूर्व संझौता वमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन । निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरी भण्डारण गर्नुपर्ने देखिन्छ ।

५६. **दाखिला प्रतिवेदन नभएको :** पालिकाको विभिन्न मितिको निर्णयानुसार निम्नानुसारको स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य सामानहरु हस्तान्तरण फाराम मार्फत पठाएको पाइयो । हस्तान्तरण फाराम मार्फत पठाइएका सामानहरु भण्डार दाखिला गरी ७ दिन भित्र दाखिला प्रतिवेदन समेत पठाइ दिनु भन्ने निर्णयमा उल्लेख छ । पालिकावाट निम्नानुसारका समान तथा औषधिहरुको लेखापरीक्षण मिति २०७६।८।९ सम्म दाखिला प्रतिवेदन सम्वन्धित स्वास्थ्य संस्थावाट पठाएको पाइएन । दाखिला प्रतिवेदन नपठाएका संस्थाहरुमा गएको सामान सही सदुपयोग भयो भन्ने विश्वस्त हुन सकिएन । ह.फा. मार्फत गएका सामानहरुको दाखिला प्रतिवेदन हुनुपर्दछ । दाखिला प्रतिवेदन नभएका केही उदाहरणहरु :

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | ह.फा.नं. निर्णय मिति | विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | मनहरी स्वास्थ्य चौकी | २०७६।३।२० | विभिन्न २६ सामानहरु | मुल्य नखुलेको |
| २. | बसन्तपुर स्वास्थ्य चौकी | २०७६।३।२० | विभिन्न २६ सामानहरु | मुल्य नखुलेको |
| ३. | हाडीखोल स्वास्थ्य चौकी | २०७६।३।२० | विभिन्न २६ सामानहरु | मुल्य नखुलेको |

५७. गो.भौ.नं.१०९।२०७६।३।३१ बाट किशोर किशोरी कार्यक्रम अन्तर्गत महिनावारी स्वास्थ्य — २५०००.००

| | | |
|---|---|---|
| | व्यवस्थापनको लागि स्कुलमा स्यानेटरी प्याड वितरण कार्यक्रम वापत कार्यालयले ४०० प्याकेट रु.६२.५० का दरले रु.२५,०००।०० मा खरिद गरी विभिन्न विद्यालयहरुलाई वितरण गरेकोमा कुन कुन विद्यालयमा कति वितरण गरेको नखुलेकोले सोको भरपाई तथा सम्बन्धीत विद्‌यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | |
| ५८. | **अनुगमन** : गाई भैंसी अनुदान, बोका वितरण, बँगुर, कुखुरा जस्ता कार्यक्रमको लागि अनुदान वितरण तथा गोठ सुधार, भकारो सुधार जस्ता कार्य सञ्चालन गरेको छ । यस प्रकारका अनुदानहरु विगत लामो समय देखि दिइदै आएको छ । यसरी वर्षै पिच्छे दिइने अनुदान रकम कति प्रभावकारी भयो, कति सफल भएन त्यसको अनुगमन निरीक्षण गरी प्रतिवेदन गर्ने गरेको छैन । पालिकाले वितरण गरेको अनुदानको प्रभाव मुल्यांकन नियमित रुपमा गरी प्रतिवेदन गर्नु पर्दछ । दोहोरो नहुनको लागि साल बसाली अभिलेख अद्यावधिक गर्नु पर्दछ । | |
| ५९. | **निर्माण कार्यको अभिलेख :** नयाँ निर्माण वा मर्मत सम्भार गर्दा सो स्थान पहिचानको लागी चेनेज नं. सकेसम्म धेरैले चिन्न र देख्न सक्ने ठाउं वा वस्तुको नाम उल्लेख गरे अनुगमन मुल्याङ्कन गर्न सहज हुने देखिन्छ । पालिकाले गरेका अधिकाशं सडक ग्रावेल स्तरका हुने र पुराना तथा अधुरा काममा पनि थप काम गराउने गरेको देखिन्छ । साविक बर्षहरुमा त्यस्तै काम गर्ने गरेपनि कुन ठाँउमा गरियो पहिचान खुल्ने गरी अभिलेख राखेको देखिएन । निर्माण कार्यको अभिलेख एकिकृत गरी राख्ने व्यवस्था हुन आवश्यक देखिन्छ । | |
| ६०. | **नापी किताव :** गाउँपालिकाले निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागी नापी किताबमा अभिलेख राख्नुपर्दछ। उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रुपमा उल्लेख गरी नापजांच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्दछ । लेखापरीक्षण क्रममा परीक्षण गरिएका सबै ठेक्काको नापी प्रयोजनका लागि, विल अनुसार निर्माण कार्यको परिमाण खुल्ने गरी लुजसिट प्रयोग गरेको देखिन्छ । निर्माण कार्यको नापजांच र भुक्तानी देखिने गरी योजना/कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताब प्रयोगमा ल्याउनु पर्दछ । | |
| ६१. | **उपभोक्ता समिति :** पालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणबाट छनौट गरि परीक्षण गरिएका केहि कार्यको स्थिति निम्न अनुसार रहेको छ । उक्त कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।<br>(क) सार्बजनिक खरिद ऐन,२०६३ दफा (४४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउंदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यबिधि पुरा गरि त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने तथा सार्वजनिक खरीद नियमावली, २०६४ को निमयम ९७(९)प्राविधिक रुपमा जटिल काम (मेसिन औजार प्रयोग गरि काम गर्नुपर्ने अबस्थाका काम गराउनु हुदैन भन्ने व्यवस्था रहेको छ । प्राविधिक रुपमा जटिल काम अर्थात भवन निर्माण तथा सडक पिच गर्ने जस्ता काम उपभोक्ता समितिसंग सम्झौता गरी रु १ करोड ३५ लाख ९५ हजारको काम गराएको मनासिव  देखिदैन । प्राविधिक क्षमताले नभ्याउने निर्माण कार्य उपभोक्ता समिति बाट गर्ने गराउने कार्य बन्द गर्नुपर्दछ ।<br><br>**उपभोक्ता समितीको नाम** \| **कामको विवरण** \| **भुक्तानी रकम**<br>लोथर खोला तटबन्ध उ.स. \| तटबन्ध निर्माण \| ३८ लाख | |

| | | |
|---|---|---|
| ज्यामिरे केराबारी सरीखेत उ.स. उ.स | सडक निर्माण | २५ लाख |
| लोथर काकडा सडक उ.स. | सडक निर्माण | ९ लाख ९५ |
| लोथर खरिवांग ग्रामिण सडक उ.स. | नया ट्याक | २५ लाख |
| रमौली टोल उ.स. | कालो पत्रे पिच | १३ लाख |
| रिजाल टोल मकारी सडक उ.स. | कालो पत्रे पिच | २५ लाख |
| **जम्मा** | | **१ करोड ३५ लाख ९५ हजार** |

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउदा उपभोक्ता समिति वा लाभग्राहि समूदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ९७(१) मा १ करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था उल्लेख छ । त्यस्तै उपदफा (१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नु पर्ने र उप नियम (१५) मा हस्तान्तरित योजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था उल्लेख छ । यस गाउँपालिकाले यस आ.व.मा ३३० उपभोक्ता समिति मार्फत गराएको देखिएको छ । काम सम्पन्न भएको स्थितिमा, नियमानुसार सम्पन्न योजनाहरु उपभोक्तालाई हस्तान्तरण गरेको र मर्मत संभारका लागि कुनै कोष खडा गरेको देखिएन । योजना उपभोक्तालाई हस्तान्तरण तथा सेवा शुल्क निर्धारण गरी कोष स्थापना हुनु पर्ने देखिन्छ ।

६२. **कार्यक्रम संचालन प्रकिया** : गाउँपालिकाबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला, गोष्ठी गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । यस्तो स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशालागोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले तलिम कार्यक्रम गर्दा लागत अनुमान तयार गरी स्वीकृत गराएको पाइएन । कार्यक्रम संचालन गर्दा लागत अनुमान तयार गर्ने र कार्यक्रम संपन्न भएपछि लागत अनुमान अनुसार प्रत्येक कियाकलाप र सोको खर्च खुल्ने विवरण तयार गर्ने र खर्च सहितको प्रतिवेदन गर्नुपर्दछ ।

६३. **अनुदान रकमको उपयोग :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकामा निम्नानुसारको विद्यालयहरुलाई एकमुष्ट रुपमा शिक्षालाई छुट्याइएको बजेट मध्ये रु ९७,८७,४९९.०० निम्नानुसार विद्यालयलाई अनुदान निकासा दिएको छ । सो अनुदान रकमको विल र खर्च पुष्टी गर्ने आधार संलग्न छैन । अनुदान रकमको उपयोग सम्बन्धमा कार्यालयबाट अनुगमन गरी प्रतिवेदन गरिनु पर्दछ ।

| सि.नं | विवरण | विद्यालय संख्या | रकम |
|---|---|---|---|
| १. | बुक कर्नर | विभिन्न ३२ | १५८८१०० |
| २. | पाठ्यपुस्तक (११,१२) | विभिन्न ३ वटा | १५०००० |
| ३. | संचालन अनुदान | विभिन्न ३२ वटा | ६५०००० |
| ४. | छात्रवृत्ति | विभिन्न ३२ वटा | २१७६०० |
| ५. | बाल विकास केन्द्र | विभिन्न ३० वटा | ३४६५०० |
| ६. | दलित छात्रवृत्ति | विभिन्न ३२ वटा | १३५२८०० |
| ७. | दलित छात्रवृत्रि (९ र १०) १०) | विभिन्न ७ वटा | २४५०० |
| ८. | विद्यालय सुधार योजना | विभिन्न २५ वटा | ५२०००० |

| | | | |
|---|---|---|---|
| ९. | पाठ्यपुस्तक | विभिन्न ३२ वटा | २४४२०४० |
| १०. | पाठ्यपुस्तक | विभिन्न ३२ वटा | ७३१९५९ |
| ११. | सिकाई | विभिन्न ३२ वटा | १४०४००० |
| १२. | आन्तरकि लेखापरीक्षण | विभिन्न ३२ वटा | ३६०००० |
| | | **जम्मा** | **९७८७४९९** |

६४. **संस्थालाई अनुदान :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्बन्धी व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने कार्यविधि उल्लेख गरेको छ। गाउँपालिकाले निम्नानुसारका संस्थाहरुलाई बिल भर्पाई र खर्च पुष्टि प्रमाण एवं आधार बेगर रु ८५२८००।०० भुक्तानी खर्च लेखेको छ। अतः बिल भरपाई र खर्च पुष्टी हुने आधार एवं प्रमाण र अनुदानको उपयोगिताको अनुगमन प्रतिवेदन समेत संलग्न नभएको।

| गो.भौ.नं. र मिति | कार्यक्रम | भुक्तानी पाउने संस्था | भुक्तानी रकम |
|---|---|---|---|
| १/०७५/९/१० | प्रदेश हस्तान्तरित चालु | मनहरी प्राथमिक स्वास्थ्य केन्द्र | ५० हजार |
| १/०७५/९/१० | प्रदेश हस्तान्तरित चालु | हाडी खोला स्वास्थ्य चौकी | ५० हजार |
| १/०७५/९/१० | प्रदेश हस्तान्तरित पुँजीगत | मनहरी प्राथमिक स्वास्थ्य केन्द्र | ५० हजार |
| १/०७५/९/१० | प्रदेश हस्तान्तरित पुँजीगत | हाडी खोला स्वास्थ्य चौकी | ५० हजार |
| २८/०७५/९/१८ | संघीय हस्तान्तरित चालू | मनहरी प्राथमिक स्वास्थ्य केन्द्र र हाडी खोला स्वास्थ्य चौकी | १ लाख २४ हजार |
| २९/०७५/९/१८ | संघीय हस्तान्तरित चालू | मनहरी प्राथमिक स्वास्थ्य केन्द्र र हाडी खोला स्वास्थ्य चौकी | ५८ हजार ४ सय |
| ६७/०७५/९/१८ | संघीय हस्तान्तरित चालू | मनहरी प्राथमिक स्वास्थ्य केन्द्र र हाडी खोला स्वास्थ्य चौकी | सत्तरी हजार ४ सय |
| ७७/०७५/९/१८ | संघीय हस्तान्तरित चालू | मनहरी प्राथमिक स्वास्थ्य केन्द्र र हाडी खोला स्वास्थ्य चौकी | ३ लाख |
| ७९/०७५/९/१८ | संघीय हस्तान्तरित चालू | मनहरी प्राथमिक स्वास्थ्य केन्द्र र हाडी खोला स्वास्थ्य चौकी | १ लाख |
| | **जम्मा** | | **८ लाख ५२ हजार ८ सय** |

६५. **कार्यसम्पन्न प्रतिवेदनः–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ। पालिकाबाट ३ वटा विद्यालयको भवन निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण कार्य सम्पन्न भएको छैन। तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार रु ४३५३७३०।०० को कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

४३५३७३०.००

| गो.भौ.न. र मिति | कार्यक्रम | संस्थाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४/०७६/३/१६ | प्रदेश हस्तान्तरित | मनहरी बहुमुखी क्याम्पस | १२७९२७९ |
| ६/०७६/३/३१ | प्रदेश हस्तान्तरित | मनहरी बहुमुखी क्याम्पस | ३०७४४५१ |
| | | | ४३५३७३० |

६६. **टुक्रा पारीखरीद :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ। एकै योजना तथा एकै प्रकारको कार्य टुक्रा गरी सिलबन्दी दरभाउ पत्रबाट खरिद गरेको पाइयो। बोलपत्र प्रकृया तथा सिलबन्दी दरभाउपत्रको प्रक्रिया अपनाई खरिद कार्य गर्नुपर्दछ। नियमले तोके बमोजिम सिलबन्दी दरभाउपत्र वा बोलपत्रको सिमा अनुसार खरिद गरिनु पर्दछ।

| योजना | कार्यको विवरण | लागत अनुमान | सप्लायर्स | जम्मा |
|---|---|---|---|---|
| सिद्धकाली तटबन्ध | तार जाली खरीद | १४५०४६४.०८ | मारमा वायर्स प्रा.लि. | १३६०४६०.०४ |
| सिद्धकाली तटबन्ध | तार जाली खरीद | १४९७७४५.३९ | सजिना सप्लायर्स | १३९४५२१.७० |
| पाइप खरीद | पानी खरीद | १४८६७९१.६२ | नारायणी पाइप उद्योग | १३०९०२५.९० |

| | | | | |
|---|---|---|---|---|
| मनहरी खानेपानी आयोजना | पानी खरीद | १४९३५१५.३५ | नारायणी माइक्रो पाइप उद्योग प्रा.लि. | ११२०६८.८० |
| मनहरी खानेपानी आयोजना | पानी खरीद | १२५४७३५.०५ | नारायणी माइक्रो पाइप उद्योग प्रा.लि. | ९३३५३८.५० |
| | | | **जम्मा** | **५१०९६१४.९४** |

६७. **सभाहलः** ड्रेसिङ्ग रुम र सभाहल निर्माण गर्न बोलपत्रको माध्यमबाट घटी कबुल गर्ने मेरिना कन्सट्रक्सनको रु १०२३६२८२।९७ को कबोल अंक स्वीकृत भई २०७४।१।२३ मा सम्झौता भएको र २०७६।१।२२ मा कार्य सम्पन्न गर्नुपर्ने गरी कार्यादेश भएको देखिन्छ । यो बर्ष तेस्रो रनिङ बिल सम्मको रु ६४८४०२५।९४ भुक्तानी भएको देखिन्छ । सम्पन्न गर्नुपर्ने अवधि समाप्त भई सक्दा पनि कार्य सम्पन्न भएको पाइएन । म्याद भित्र नै तेस्रो बिल भुक्तानीका लागि पेश भए पनि म्याद थप बेगर भुक्तानी गरेको देखिन्छ । कावु बाहिरको परिस्थिति नभई व्यवसायीको ढिलाईका कारण कार्य सम्पन्न नभएकोमा सार्वजनिक खरीद नियमावलीको नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति समेत असुल गरी कार्य सम्पन्न गरिनुपर्दछ ।

६८. **कार्य सम्पादन जमानतः** सार्वजनिक खरीद ऐन, २०६३ को २७ (४) बमोजिम लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कबूल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशत हुन आउने रकम कबुल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत लिई खरीद सम्झौता गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार ठेक्कामा सो बमोजिम गरी ५ प्रतिशत जमानतको थप ५० प्रतिशतले हुने रकम मात्र जमानत माग गरेको पाइयो । कानुनले तोके बमोजिमको जमानत रकम दाखिला गर्नुपर्ने रु ११५८५५४.००

| ठेक्का नं. | कामको विवरण | कबोल अंक | घटी प्रतिशत | लिएको जमानत | घटी भएको जमानत |
|---|---|---|---|---|---|
| १९/०७५/७६ | वृहत्त खानेपानी शिवशक्ति इन्फ्रास्ट्रक्चर प्रा.लि. | १४२६०५६६.५९ | २८.१२ | १८३७०००.०० | ११९८६४.०० |
| १६/०७५/७६ | दरदरा वसन्तपुर दिल्लीपुर सडक रत्न कुमारी एण्ड सन्स | २४७५६३२.६५ | ४९.१४ | १८३५८४.०० | ७८०१६०.७५ |
| ११/०७५/७६ | ज्यामिरे अजिङ्गर खानेपानी प्रेरक कन्स्ट्रक्सन एण्ड प्रिफ्याव हाउस प्रा.लि. | ३५४०९७४.१० | २७.०१ | २०९८०६.०० | २५८५२९.२५ |
| | | | | **जम्मा** | **११५८५५४.००** |

कार्यालयले जमानत सम्बन्धि अभिलेख राखेको छैन । अन्य सम्पन्न र कमसल रहेको ठेक्काहरुमा समेत कार्य सम्पादन जमानत कम भए नभएको कार्यालयबाटै एकिन गरी त्रुटी सच्चाउने अवधि सम्मको कानुन बमोजिमको कार्य सम्पादन जमानत लिनु पर्दछ ।

६९. **परामर्श सेवाः** सार्वजनिक खरीद ऐन, २०६४ को दफा २९ (क) मा कुनै पनि सार्वजनिक निकायमा भएका जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा उक्त कार्य गर्न परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्ने उल्लेख छ । कार्यालयले विभिन्न कामको लागि परामर्शदाता नियुक्ति गरी खर्च लेख्दा पुँजीगत अनुसन्धान तथा परामर्शबाट मात्र खर्च नभई सम्बन्धित कार्यक्रमबाट समेत खर्च लेखेको र लागत अनुमान तयारीको आधार स्पष्ट नभएको परामर्शदाताले इन्सपेक्सन टिपोट र ड्राफ्ट रिपोर्ट पेश गर्ने, रिपोर्ट प्रस्तुतीकरण गर्ने र त्रुटी सच्चाई अन्तिम प्रतिवेदन लिने कार्य भएको देखिएन । त्यस्तै परामर्शदाताबाट प्राप्त प्रतिवेदन क्षेत्रगत शर्तहरु अनुरुप भए नभएको परीक्षण गरी स्वीकृत गर्ने र अभिलेख राख्ने समेत कार्य नभएकोले परामर्श सेवामा भएको खर्च यथार्थ र उपलब्धीमुलक छ भन्न सक्ने देखिएन ।

| कामको विवरण | परामर्शदाता | भुक्तानी |
|---|---|---|
| पिस पार्क डि.पि.आर. | ग्रीन इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ३९५९९९.०० |
| वडा कार्यालय भनव डि.पि.आर. | युवि इन्जिनियरिङ्ग कन्सल्टेन्सी | २७१२००.०० |
| ज्यामिरे केराबारी सरिखेत सडक डि.पि.आर. | आइ.सि.सि. नेपाल प्रा.लि. | ४७६९६७.०० |
| देउकोट, वसन्तपुर र मकरी लिफ्ट सिंचाई डि.पि.आर. | रुद्र इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ७९१०००.०० |

<table>
<tr><td></td><td><table><tr><td>मनहरी बस्ती बचाउ डि.पि.आर.</td><td>एमलोगिया टेक्नोलजी प्रा.लि.</td><td>१९४९९९.००</td></tr><tr><td></td><td>जम्मा</td><td>२१३०१६५</td></tr></table></td><td></td></tr>
<tr><td></td><td>(ख) महिला सहकारी अवलोकन भ्रमण र पर्यटकीय क्षेत्रको अनुभव आदान प्रदान अवलोकन भ्रमणबाट रु २८६५२१।०० खर्च लेखी सहायक महिला विकास निरिक्षक शान्ती अधिकारीको पेश्की फछ्र्यौट गरेको छ । सहभागी छनौटको आधार, सहभागीको विवरण कार्य तालिका र उपस्थिति बेगर खर्च लेखेकोले खर्च वास्तविक छ भन्ने आधार देखिएन । उक्त कार्यको लागि गाडी भाडा बापत रु १०००००।०० खर्च लेखेकोमा भाडा कर रु १००००।०० कट्टी गर्नुपर्नेमा रु २५००।०० मात्र कट्टी गरेकोले पेश्की लिनेबाट असुल गर्नुपर्ने रु</td><td>७५००.००</td></tr>
<tr><td></td><td>(ग) जनप्रतिनिधि महिलाहरुलाई अध्ययन अवलोकन भ्रमण २०७५।७।२४ देखि २८ गतेसम्म भएको भनी ना.सु. दिपक राज मिश्रको रु ३५००००।०० पेश्की फछ्र्यौट तथा भुक्तानी गरेको देखिन्छ । उक्त कार्यको लागि लागत अनुमान स्वीकृत कार्यक्रम तालिका र उपस्थिति विवरण समेत तयार गरेको पाइएन ।<br><br>उक्त कार्यका लागि गाडी भाडा रु १५००००।०० खर्च लेखेकोमा सोही गाडी अन्य कार्यक्रममा २५०००।०० का दरले भाडामा लिएको देखिन्छ । ५ दिनको बढी भुक्तानी २५०००।०० र घटी कर ११२५०।०० समेत असुल गर्नुपर्ने रु</td><td>३६२५०.००</td></tr>
<tr><td>७०.</td><td>सूचना प्रकाशन छुट : पालिकाको बोलपत्र तथा दर भाउ पत्र लगायत विभिन्न सूचना प्रकाशन गर्दा सोझै प्रकाशन संस्थामा पठाएमा २५ प्रतिशत छुट दिने गरेको छ । कार्यालयले सूचना एजेन्सी मार्फत प्रकाशन गर्दा यस्तो छुट प्राप्त गरेको छैन । पालिकाले कोटेशन लिई घटीबाला सँग गरेको प्रतिक्रिया प्राप्त भए पनि सूचना प्रकाशनमा छुट लिने व्यवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७१.</td><td>अधुरा आयोजना : यो बर्ष सम्झौता भएका विभिन्न उपभोक्ता समितिहरुले कार्य सम्पन्न गरी क्रमागत रुपमा रहेको पाइयो । उपभोक्ता समितिसँग बहुबर्षीय सम्झौता गरी कार्य गर्ने व्यवस्था समेत नभएकाले आर्थिक बर्षको अन्त्यमा कार्य सम्पन्न नहुने गरी सम्झौता गर्नु उचित देखिएन । यो बर्ष १७ आयोजना भुक्तानी गर्न बाँकी रहेको विवरण पेश भएको छ । आर्थिक बर्षको अन्त्यमा दायित्व रहने गरी उपभोक्तासँग सम्झौता गर्ने कार्य निरुत्साहित गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७२.</td><td>३८३।०७६।३।३१ नेपाल ह्युम पाइप मेनुफैक्चर्स प्रा.लि.लाई वडा नं. ३ का लागि भनि ह्युम पाइप खरीद गरी रु २९३६५८।०० लेखेको देखिन्छ । स्वीकृत कार्यक्रम तथा प्रयोगको विवरण बेगर आर्थिक बर्षको अन्त्यमा विजक नं. ३५३ मिति २०७६।३।२७ मा खर्च लेखेको देखिएकोले जडान कार्यको नापी किताब पेश हुनुपर्ने रु</td><td>२९३६५८.००</td></tr>
<tr><td>७३.</td><td>२४९।०७६।३।२२ पशुधन तथा बागबानी विकास कार्यक्रम अन्तर्गत ५ माउ भन्दा बढी पाल्नेलाई अनुदान प्रति युवा ४८०००।०० हुने रु २६००००।०० खर्च लेखेको देखिन्छ । उक्त कार्यक्रमको लागि अनुदान वितरणको आधार अनुदान स्वीकृत भएको निर्णय र बितरणको भरपाई बेगर पशु सेवा शाखा प्रमुखले रकम बुझेको देखिएकोले उक्त रकम सम्बन्धमा लाभग्राहीले पाए नपाएको छानबिन गरी यर्थाथता एकिन हुनुपर्ने रु</td><td>२६००००.०</td></tr>
<tr><td>७४.</td><td>३६२।०७६।३।३१ गुडविल फेशनको बिल संलग्न गरी छाता १५ थान र रेनकोट २० थानको रु ८७५७५।०० खर्च लेखेको छ । व्यक्तिगत प्रयोजनका सामाग्री खरीद गरी खर्च लेखेको नियमित नदेखिएको रु</td><td>८७५७५.००</td></tr>
<tr><td>७५.</td><td>मासु पसल सुधारः मासु पसल सुधार साझेदारी कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ९ वटाको लागि रु ४५००००।०० बजेट प्रस्ताव गरेकोमा ४ वटा छनौट भई २ वटालाई रु १४२५००।०० खर्च लेखेको देखिन्छ । उक्त कार्यक्रममा अनुगमन खर्च बापत रु १००००।०० समेत जम्मा रु २५०००।०० खर्च लेखेको छ । ९ वटा वडा रहेको गाउँपालिकामा कार्यक्रम संचालन गर्न पशु सेवा प्रमुखले पेश्की रु १९००००।०० लिएकोमा १ जनाले सम्झौता गाउँको भनी २०७६।४।२६ मा नगद दाखिला गरेको र एक जनालाई बजेट प्रस्ताव भन्दा दोब्बर दिएको देखिन्छ ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | कार्यक्रम अनुसार प्रस्ताव माग गरी छनौट गर्नु पर्नेमा तजबिज किसिमले खर्च गरेको र लक्ष्य अनुरुप कार्यक्रम संचालन भएको पाइएन । | |
| ७६. | **योजना स्वीकृति र खर्चः** यो बर्ष बृहत्त खानेपानी कार्यक्रमको लागि भनी रु ५०००००० ।०० बजेट स्वीकृत भएको देखिन्छ । यस कार्यक्रमबाट वृक्षारोपण तथा बाटो स्लाब ढलान शौचालय निर्माण र गाउँकार्यपालिकाको बैठकको निर्णयबाट विभिन्न कार्यक्रममा रु २७०००००।०० खर्च भएको देखिन्छ । त्यस्तै ढुंगा, गिट्टी, बालुवा, नदीजन्य पदार्थ व्यवस्थापनबाट मनहरी बहुमुखी क्याम्पसलाई रु १० लाख अनुदान दिएको छ । कार्यालयले प्रयोग गरेको SUTRA सफ्टवेयरमा समेत स्वीकृत कार्यक्रम भन्दा फरक किसिमले कार्यक्रम भएको देखिन्छ । कार्यक्रम इन्ट्री गर्दा र खर्च गर्दा तोकिए बमोजिमको कार्यक्रम खर्च गरी प्रगति हासिल गरिनु पर्दछ । | |
| ७७. | **अनावश्यक खर्चः** दरदरा बसन्तपुर सडक स्तरोन्नती कार्यको लागि रु ५० लाख बजेट स्वीकृत भएको देखिन्छ । उक्त कार्यको लागि बोलपत्र आव्हान गरेकोमा ४९.१४ प्रतिशत घटी कबोल गरी ठेक्का व्यवस्था भएको देखिन्छ । बचत रकमबाट २०७६।१।७ को निर्णय अनुसार उपभोक्ता समितिबाट कार्य गराई रु २७४५०१८।८८ नापी मूल्यांकन गरी रु २३०००००।०० खर्च लेखेको देखिन्छ । उपभोक्ता समितिबाट १०८० मिटर सडक ग्राभेल तथा बेस कोर्श गरेको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । उक्त कार्यको नापी किताब तथा रनिङ बिलमा अन्य आयोजनामा जस्तै उपभोक्ता समितिबाट प्रमाणित गरेको छैन भने यो बर्ष पिच कार्य नभएकोले अनावश्यक रुपमा गरिएको बेश कोर्ष कार्यको खर्च रु १३६१३८६।०० अनुत्पादक हुन गएको छ । उपभोक्ता समितिबाट रोलर ग्रेडर प्रयोग गरी वेश कोर्ष भएको देखाउने तर पिच नहुनाले बेश कोर्षको विग्री पुनः खर्च गर्नुपर्ने अवस्था देखिन्छ । यसबाट खर्च मितव्ययी रुपले नभएको र अनावश्यक भुक्तानी भएको रु | १३६१३८६.०० |
| ७८. | **चालु अनुदानः** गाउँपालिकाको विभिन्न मितिको निर्णयले निम्नानुसारका कार्यक्रमहरुमा नगद अनुदान दिएको पाइयो । गाउँपालिकाले सो को अनुगमन र प्रतिवेदन गरेको पाइएन । यस्ता कार्यक्रमहरु गत विगत बर्षमा के कति संचालन भए सो को अभिलेख राखेको पाइएन । अनुदान रकमको अभिलेख नरहँदा आगामी बर्षमा पनि सोही कार्यक्रम एउटै व्यक्ति तथा संस्थालाई दोहोरो हुन सक्ने सम्भावना देखिन जान्छ । अतः अनुदानबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी प्रतिवेदन गर्ने र पृष्ठपोषण लिने र अभिलेख अद्यावधिक गरी राख्नुपर्छ । अनुदान सम्बन्धी केही उदाहरण निम्नानुसार छन् ।: | |

| सि.नं. | कार्यक्रमको नाम | विवरण | रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | मासु पसल सुधार कार्यक्रम | विभिन्न २ जना | १४२५०० | गा.पा.चालु |
| २. | युवा लक्षित ठूला गोठ सुधार | विभिन्न ५ जना | २४०००० | गा.पा.पुँजीगत |
| ३. | युवा लक्षित ठूला गोठ सुधार | विभिन्न १० जना | १००००० | गा.पा.पुँजीगत |
| ४. | साना बाखा पालन कृषक समूह | विभिन्न २५ जना | १६०००० | गा.पा.चालु |

| | | |
|---|---|---|
| ७९. | **प्रधानमन्त्री स्वोरोजगार कार्यक्रम :** कामका लाग पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवासथपन कार्यविधि, २०७६ मा आयोजनाको छनौट गर्दा सकेसम्म स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रममा उल्लेख भएका आयोजनाको सुचिबाट अन्यथा आवश्यकता र प्राथमिकताका आधारमा छनौट गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले वडाको सिफारिस अनुसार आयोजनाको छनौट गरेको छ । अतः कार्यालयले कार्यविधिले उल्लेख गरेको आयोजनाका क्षेत्रमा सन्तुलित रुपले छनौट गरी कार्यसंचालन गर्नुपर्ने देखिन्छ ।<br><br>सो कार्यको प्रभावकारीता सम्वन्धमा अनुगमन तथा प्रतिवेदन संलग्न गरको पाइएन। साथै खरीद गरीएका रु.८२५०००।- सामग्री सम्पत्तीहरु के, कति र कहां छन् सोको सम्वन्धित निकासा जिन्सी दाखीला तथा प्रतिवेदन भएको पाइएन । अतः कार्यक्रमलाई थप प्रभावकारी वनाउन कार्यको अनुगमन गर्ने, गराउने र खरीद सामानहरुको अवस्था यकिन गरी सम्पत्तीको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ । | |

| | | |
|---|---|---|
| ८०. | **कर संकलन सुविधा :** रोडा, ढुंगा, गिट्टी, वालुवा, स्टेल, माटो र वातावरण तथा प्रदुषण शुल्क आदीमा अमानतबाट राजश्व संकलन गर्ने कार्ययोजनामा (कार्यपालिकाबाट स्वीकृत २०७५।३।२५) बमोजिम अमानत कर संकलनको मासिक विभिन्न १७ खर्च शीर्षकहरुको खर्च रु २५००००।०० रहने तोकिएको छ । यस सम्बन्धी व्यहोरा निम्नानुसार छन्: | |
| | (क) मासिक खर्चको क्र.सं. ३ मा प्रमुख प्रशासकीय अधिकृत र योजना अधिकृत समेत २ जनालाई मासिक रु ८५००।०० का दरले बार्षिक रु २०४०००।०० खर्च लेखेकोमा मासिक ३० प्रतिशत प्रोत्साहन भत्ता समेत भुक्तानी भईसकेकोले दोहोरो सुविधा नपाउने देखिन्छ । नपाउने दोहोरो सुविधा असुल हुनुपर्ने रु | २०४०००.०० |
| | (ख) मासिक खर्च वितरणको सि.नं. ९ मा आर्थिक प्रशासन फाँटका कर्मचारीहरुलाई मासिक रु.७०००।- का दरले बार्षिक रु.८४०००।-, राजश्व शाखा प्रमुखलाई मासिक रु.७०००।- का दरले बार्षिक रु.८४०००।- राजश्व शाखा सहायक कर्मचारीलाई मासिक ६०००।- का दरले बार्षिक ७२०००।-, योजना फाँटका कर्मचारीहरु (२ जना) लाई मासिक ५०००।- का दरले बार्षिक १२००००।- प्राविधिक फाँटका कर्मचारीहरु (४ जना) लाई मासिक रु ३०००।- का दरले बार्षिक रु १४४०००।- समेत जम्मा रु ५०४०००।- खर्च लेखेकोमा प्रतिक्रियाबाट रु १४०००।- असुल भई बाँकी रु ४९००००।- मासिक प्रोत्साहन भत्ता समेत भुक्तानी गरेकोले दोहोरो सुविधाको रकम छानबिन गरी असुल हुनुपर्ने रु | ४९००००.०० |
| | (ग) मासिक सुविधाको सि.नं. ४,५,६,७ र ८ मा कर संकलकको इन्चार्जको तलब, संकलकलाई इन्धन, इन्चार्जलाई इन्धन र संकलकलाई खाजा सुविधा बापत ६ जनालाई मासिक रु १५२०००।०० र बार्षिक रु १८२४०००।०० भुक्तानी खर्च लेखेको छ । कर संकलक ५ जनाको नियुक्ति र सम्झौता गरेको पाइएन र ज्यालादारीमा कामकाज गराएको देखिन्छ । नियुक्ति र सम्झौता बेगर कर संकलकलाई गरेको मासिक सुविधा नियमित नदेखिएको रु | १८२४०००.०० |
| ८१. | **अनुगमन प्रतिवेदन :** कार्यालयले विभिन्न वार्षिक कार्यक्रमहरुको संचालन गर्दा अनुगमन वापत देहायको खर्च रु.९००९५०.०० खर्च लेखेकोमा सोको अनुगमन एवं मूल्यांकन र प्रतिवेदन संलग्न गरेको पाइएन । | |

| गो.भौ.नं.मिति | नाम | दिन | रकम (कर कट्टी पछिको) | कैफियत |
|---|---|---|---|---|
| ४७७/०७६/३/२१ चालु | अध्यक्ष | ५ | ६३७५.०० | जुत्ता बनाउने तालिम कार्यक्रम अनुगमन |
| ४७७/०७६/३/२१ चालु | उपाध्यक्ष | ५ | ६३७५.०० | जुत्ता बनाउने तालिम कार्यक्रम अनुगमन |
| ५७७/०७६/३/११ चालु | दलित समन्वय समिति | ११ | ३२२५०.०० | पदाधिकारीहरु समेत गा.पा.कर्मचारीहरु विभिन्न ५ बैठकहरुमा प्रति बैठक १०००।०० का दरले भुक्तानी |
| ३५७/०७६/३/३१ पुँजीगत | फर फारक समिति | | १९८०५०.०० | पदाधिकारीहरु समेत गा.पा.कर्मचारीहरु विभिन्न ५ बैठकहरुमा प्रति बैठक १०००।०० का दरले भुक्तानी |
| ३८५/०७६/३/३१ चालु | अनुगमन समिति | १८ | ६५७९००.०० | १८ जनाको ४९७ पटक पदाधिकारीहरु |
| | **जम्मा** | | **९००९५०.००** | |

| | | |
|---|---|---|
| ८२. | **धरौटी :** ११।०७५।११।२५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले प्रिन्टर शप हेटौंडालाई रु ६२५००।०० आ.व. ०७४।७५ को धरौटी फिर्ता दिएकोमा सोको मुल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न रहेको पाइएन । मु.अ.कर समायोजन पत्र बेगरको धरौटी फिर्ताको पुष्ट्याई पेश गर्नुपर्ने रु | ६२५००.०० |

| | | |
|---|---|---|
| | **शसर्त शिक्षातर्फ** | |
| ८३. | **अभिलेख** : गाउँपालिकाले शिक्षक शिक्षिकाहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी, दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । विद्यालयलाई बढी तथा दोहोरो तलव निकासा भएको छैन भनी आश्वस्त हुन सक्ने अवस्था छैन । गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । | |
| ८४. | बढी निकासाः एक शैक्षिक शत्रमा एक पटक मात्र पोशाक खर्च पाउने र नियुक्ति भएको ६ महिनापछि मात्र पोशाख खर्च लेख्न मिल्नेमा महेन्द्र ज्योति मा.वि.का राहत अनुदानतर्फको शिक्षक प्रा.वि. सुकृतन ओझा को नियुक्ति मिति २०७५।९।२६ मा भएकोमा निजलाई उक्त शैक्षिक शत्रको पोशाक खर्च दिन नमिल्ने हुँदा रु.१००००।०० असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु. | १००००.०० |
| ८५. | गो.भौ.नं. ८४। २०७६।३।१९ सीता मा.वि. मनहरी २ लाई विज्ञान प्रयोगशाला को लागि आवश्यक पर्ने कम्प्यूटर खरिद वापत रु.२५०००।००, फर्निचर वापत २२५०००।०० र अन्य सामग्री वापत रु.४,००,०००।०० कार्यालयको २०७६।२।९ को बैठकको निर्णयानुसार अनुदान वितरण गरेकोमा सो अनुदान रकमबाट खरिद भएको सामाग्री सम्बन्धित विद्यालयमा आम्दानी जनाएको प्रमाण पेश गर्नुपर्ने रु. | ६५००००.०० |
| ८६. | गो.भौंनं. ५२।०७५।७।१९ सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च अन्तर्गत वायोमेट्रिक हाजिर मेशिन १८ थानको रु.१५९३३(मू.अ.कर सहित) का दरले रु.४९७,३१३।०० खर्च गरेको छ । कार्यालयको जिन्सी खातामा आम्दानी जनाएकोमा जिन्सी निरीक्षण गर्दा ४ थान मात्र मौज्दातमा रहेको देखियो । बाँकी १४ वटा विद्यालयहरुमा हस्तान्तरण फाराम वेगर पठाएकोमा सम्बन्धित विद्यालयहरुमा सो मेशिन जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २६३०६९.०० |
| ८७. | गाउँपालिकाको नाममा रहेको सवारी साधनहरुमा सरकारी नम्बर प्लेट लगाउनु पर्नेमा आ.व. २०७४।७५ मा खरिद भएका देहायका सवारी साधनहरुमा हाल सम्म पनि रातो नम्बर प्लेट (निजी सवारी दर्ता नं.) प्रयोग भएकोमा सो को दुरुपायोग हुन सक्ने देखिन्छ । अत कार्यालयले सवारी साधनमा सरकारी सवारी दर्ता नं. प्रयोग गर्नुपर्दछ । | |

| सि.नं. | हाल प्रयोग भएको नम्बर | सवारी साधनको विवरण |
|---|---|---|
| १ | ना.२५ प ९००६ | बजाज पल्सर १५० सि.सि. |
| २ | ना.४७ प. ६७८४ | बजाज पल्सर १५० सि.सि. |
| ३ | ना.४७ प ६८६५ | बजाज पल्सर १५० सि.सि. |
| ४ | ना.५१ प ७६१६ | यामाहा १५० सि.सि. |

| | | |
|---|---|---|
| ८८. | **पेश्की :** प्रदेश ३ आर्थिक कार्यविधि ऐन, २०७४ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई रु११९०१३००.००बाँकी रहेको देखियो । नियमानुसार पेश्की रकम अविलम्ब असूल गर्नुपर्ने रु | ११९०१३००.०० |

| क्र.स. | पेश्कि लिनेको नाम | खर्च शीर्षक | पेश्कि बांकी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | शान्ति अधिकारी | सशर्त | ४५३००.०० | |
| २. | सिटिजन्स बैंक | सा.सु. | ७२४६०००.०० | |
| ३. | सिटिजन्स बैंक इन्टरनेशनल | सा.सु. | ३७०४०००.०० | |
| ४. | टिकाराम अधिकारी | सशर्त | ७२८०००.०० | |
| ५. | प्रक्षा गौतम | सशर्त | ५००००.०० | |
| ६. | विदुर पाठक | सशर्त | ५३०००.०० | |
| ७. | टिकाराम अधिकारी | सशर्त | ३००००.०० | |
| ८. | यशोदा दुलाल | सशर्त | ४५०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | **जम्मा** | **११९०१३००.००** | | | |
| | गाउँपालिकाको प्रतिकृयाको दफा नं. १ को गाउँसभाबाट नियमति भएकोमा बेरुजुदफा नं. २५, ४६, ७०, ६७, ८०, ८४ र ८८ को रु ९६६५२११।०० को सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था नभएकोले हाललाई यथावत राख्ने निर्णय भएको व्यहोरा अनुरोध छ । | | | | | |

**अनुसूची- १**

# मनहरी गाउँपालिका, मकवानपुरको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेशः बागमती** **(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मनहरी गा.पा. | मकवानपुर | ५८२२२ | १२८४७३ | १६१९७२ | ४१९६६० | ७१०१०५ | २४९३२८ | १९५९९९ | १२७६१ | ५६७०८८ | २०१२३९ |

**अनुसूची - २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मकवानपुर | मनहरी गा.पा. | ७५ | ३८ | ७०१११ | ० | १५ | ४४६८१ | ७५ | २३ | २५४३० | १९३६ | ५९३५ | ५६५८ | ० | ० | ११५९३ | ७४६९ | ४४३२ | ११९०१ |

**अनुसूची - ३**

# अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | मनहरी गा.पा. | मकवानपुर | २११७५ | ०० | २११७५ | ०० | २५४३० | ४६६०५ |